**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति -२०६३ कात्तिक १५**

### नेकपा-माओवादीलाई "कानुन कार्यान्वयन" गतिविधिहरू रोक्न उच्चायुक्तको कार्यालय-नेपालद्वारा आह्वान

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल नेकपा-माओवादीलाई आफ्ना "कानुन कार्यान्वयन" गतिविधिहरू जुन हालै विशेषगरी काठमाडौँ उपत्यकामा तीव्र बनेका छन्, र जसबाट मानवअधिकारको गम्भीर दुर्व्यवहार भएको छ तिनलाई रोक्नका लागि आह्वान गर्दछ । उच्चायुक्तको कार्यालय-नेपाल यी समानान्तर "कानुन कार्यान्वयन" गतिविधिहरूलाई गैरकानुनी एवं अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूप्रति नेकपा-माओवादीले बारम्बार व्यक्त गरेका प्रतिवद्धताहरूको उल्लङ्घन भएको ठान्दछ । यी प्रतिबद्धतामध्ये भदौ १७ गते नेकपा-माओवादी केन्द्रीय समितिको बैठकको परिणामस्वरूप जारी गरिएका निर्देशनहरू पर्दछन् । यी निर्देशनहरूमा पार्टी कार्यकर्ताहरूले अपहरण, यातना र दुर्व्यवहार गर्ने छैनन् र यस्ता कार्यमा दोषीहरूलाई जवाफदेही बनाइनेछ भन्ने स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

नेकपा-माओवादीको नेतृत्वलाई कात्तिक १४ गते पठाएको एक पत्रमा, उच्चायुक्तको कार्यालय-नेपालले अक्टोबर (असोज-कात्तिक)मा मात्रै भक्तपुर, ललितपुर र काठमाडौँ जिल्लाहरूमा ३९ व्यक्ति अपहरण भएको आफूले पुष्टि गरेको उल्लेख गऱ्यो । नेकपा-माओवादी आफैले कात्तिक ४ गते ८० भन्दा बढी व्यक्तिलाई बन्दी अवस्थामा राखिएको सार्वजनिक रूपले घोषणा गरेको थियो, जसलाई तिनले आपराधिक गतिविधिसँग जोडिएको आरोप लगाएका थिए ।

नेकपा-माओवादीका कार्यकर्ताहरूले व्यक्तिहरूलाई गोप्य स्थानहरूमा एकान्त कारावासमा राखेका छन् – यसरी मानवअधिकार दुर्व्यवहारप्रति उनीहरूको जोखिमता बढेको छ । सेप्टेम्बर (भदौ-असोज) र अक्टोबर (असोज-कात्तिक)मा उच्चायुक्तको कार्यालय-नेपालले आठ ठाउँको भ्रमण गऱ्यो जहाँ नेकपा-माओवादीले काठमाडौँ उपत्यकामा व्यक्तिहरूलाई बन्दी अवस्थामा राखेका थिए । यी ठाउँहरूमा नेकपा-माओवादीले ओगटेर बसेका कतिपय कारखानाका भवनहरू र अखिल नेपाल ट्रेड युनियन महासङ्घ (एएनटीयूएफ) र अखिल नेपाल यातायात मजदुर युनियन (एएनटीडब्लूयू)लगायतका भ्रातृ सङ्गठनका कार्यालयहरू थिए । उच्चायुक्तको कार्यालय-नेपालले नेकपा-माओवादीले व्यक्तिहरूको सोधपुछका लागि प्रयोग गर्ने काठमाडौँ उपत्यकामा कम्तीमा सातवटा अन्य ठाउँ भएको रिपोर्ट प्राप्त गरेको छ ।

उच्चायुक्तको कार्यालय-नेपालले चरम पिटाइलगायत दुर्व्यवहार र यातनाका धेरै रिपोर्टको छानबिन गरेको छ । उच्चायुक्तको कार्यालय-नेपालका कर्मचारीले नेकपा-माओवादीले बन्दी बनाएकाहरूमध्येमा दुर्व्यवहार र यातनाको दावीहरूसँग मिल्ने गम्भीर चोटपटक भएको प्रत्यक्ष देखेका छन् ।

बन्दी बनाई राखिएका व्यक्तिहरूसँग तत्काल पहुँच प्राप्त गर्नमा नेकपा-माओवादी कार्यकर्ताहरूद्वारा उच्चायुक्तको कार्यालय-नेपाललाई कहिलेकाहीँ बाधा पनि पुऱ्याइएको छ । अक्टोबर (असोज-कात्तिक)मा कतिपय अवसरमा, "उच्चायुक्तको कार्यालयलाई विनाअवरोध कुनै पनि ठाउँको भ्रमण गर्ने स्वतन्त्रता हुनेछ" भन्ने मानवअधिकार तथा मानवीय सिद्धान्तहरूप्रतिको प्रतिबद्धताबारे वैशाख ३ गते पार्टीद्वारा जारी वक्तव्यविपरीत उच्चायुक्तको कार्यालय-नेपालले पक्डिएका व्यक्तिहरूसँगको पहुँच प्राप्त गर्न नेकपा-माओवादीको हस्तक्षेपका लागि अनुरोध गर्नुपरेको थियो । उच्चायुक्तको कार्यालयले कात्तिक १४ गते पठाएको आफ्नो पत्रमा नेकपा-माओवादीद्वारा बन्दी राखिएको अवस्थामा रहेका व्यक्तिहरूसँगको पूर्ण पहुँच उच्चायुक्तको कार्यालयलाई दिने पार्टीको नीतिबारे केन्द्रीय र क्षेत्रीय नेतृत्वबाट हालै आएका आश्वासनहरूको स्वागत गऱ्यो । तर, यस्तो पहुँच उच्चायुक्तको कार्यालयलाई आफ्नो कार्यादेश पुरा गर्न दिनका लागि तत्काल दिनु अत्यन्त जरुरी छ ।

> "उच्चायुक्तको कार्यालय-नेपाल पुनः नेकपा-माओवादीको नेतृत्वलाई सबै समानान्तर "कानुन कार्यान्वयन" गतिविधिहरू, र विशेषतः यातना र दुर्व्यवहारका घटनाहरू, रोक्नका लागि आह्वान गर्दछ । आपराधिक शङ्कास्पद व्यक्तिहरूलाई पक्रन र थुन्ने एकमात्र दायित्व राज्यअधिकारीहरूको हुन्छ र कानुनी शासनको पुनःस्थापनाको लागि सबै पक्षले यसको सम्मान गर्नु अति आवश्यक छ," उच्चायुक्तको कार्यालय-नेपालकी अफिसर इन्चार्ज स्यान्ड्रा बेइडासले भन्नुभयो ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org